श्री

मोरङ जिल्ला अदालत

इजलास

माननीय जिल्ला न्यायाधीश श्री मेघनाथ चापागाँई

फैसला

मुद्दा नम्बरः-०81-C१-0612

र.नं./कोड नं.-27-०81-03732

मुद्दा दर्ता मितिः-208१।08।26

निर्णय नम्बरः-425

प्र.नि.हेमराज ओली समेतको जाहेरीले वादी नेपाल सरकार----------१ } वादी

बिरुद्ध

भरत ठकुरीको छोरा जिल्ला मोरङ बिराटनगर महानगरपालिका वडा नं.3 बस्ने वर्ष 25 को सनिम ठकुरी----------1

जय प्रकाश यादवको छोरा जिल्ला मोरङ बिराटनगर महानगरपालिका वडा नं.14 बस्ने वर्ष 27 को प्रशान्त यादव----------1

जमत बहादुर विष्टको छोरा जिल्ला सुनसरी बराहक्षेत्र नगरपालिका वडा नं.10 बस्ने वर्ष 24 को हाकु भन्ने प्रज्वल विष्ट----------1

राज कुमार पासमानको छोरा जिल्ला सिराहा कल्याणपुर नगरपालिका वडा नं.1 घर भई हाल जिल्ला मोरङ बिराटनगर महानगरपालिका वडा नं.12 स्थितमा डेरा लिई बस्ने वर्ष 26 को रोशन कुमार पासमान----------1

निर्दलिय खलिफा साहिनको छोरा जिल्ला सुनसरी दुहबी नगरपालिका वडा नं.6 बस्ने वर्ष 22 को मोहमद सलमान भन्ने मो.साहिन----------1

सतिस चन्द्र चेलको छोरा जिल्ला मोरङ बिराटनगर महानगरपालिका वडा नं.11 बस्ने वर्ष 23 को भानु चेल----------1

महेश्वर पाण्डेको छोरा जिल्ला मोरङ बिराटनगर महानगरपालिका वडा नं.6 बस्ने वर्ष 23 को जे.पी यादव भन्ने जय नारायण पाण्डे----------1

महेन्द्र प्रसाद साहुको छोरा जिल्ला सुनसरी गढी गाउँपालिका वडा नं.3 घर भई हाल जिल्ला मोरङ बिराटनगर महानगरपालिका वडा नं.4 बस्ने वर्ष 19 को देव कुमार साह-1

सगुन लाल यादवको छोरा जिल्ला सिराहा लक्ष्मीपुर गाउँपालिका वडा नं.5 घर भई हाल जिल्ला मोरङ बिराटनगर महानगरपालिका वडा नं.3 स्थितमा बस्ने वर्ष 30 को अभिमन्यु यादव----------1

प्रतिवादी

दशरथ अधिकारीको छोरा जिल्ला झापा गौरादह न.पा वडा नं.7 घर भई हाल जिल्ला मोरङ बिराटनगर म.न.पा वडा नं.12 स्थितमा बस्ने वर्ष 28 को प्रज्जवल भन्ने प्रोज्वल अधिकारी----------1

मुद्दाः–आपराधिक उपद्रव।

वादीको साक्षीः- प्रतिवादीको साक्षीः-

जाहेरवालाः- कागजः-

मौकामा कागज गर्नेः-

अदालतबाट बुझेकोः–

साक्षीः-

कागजः-

न्याय प्रशासन ऐन, २०७३ को दफा ७ को उपदफा (१) तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४५ ले यसै अदालतको क्षेत्राधिकार भित्र रही दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार छः-

तथ्य खण्डः-

1. मिति २०८१।०२।२७ गते बिहानको अं.१०:१५ बजेको समयमा जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं.१२ पान्चाली चोक स्थित कञ्चनजंघा पार्टी प्यालेसमा नेपाल विद्युत प्राधिकरणको सभा गोष्ठी भइरहेको अवस्थामा ढुंगामुढा लगायत अन्य उच्छ्रिङ्खल गतिविधी गर्दै आएका तत्काल अज्ञात समुहको भिड आई सो पार्टी प्यालेसको बाहिर पट्टी सडकमा पार्किङ गरी राखिएको बा.१.ञ १८८७, B.AB ८१८०, बा.1.ञ २४१९, बागमती प्रदेश-०१-००१ ञ २७०१ र बागमती प्रदेश ०१-००१ ञ २७९० नं.को सवारी साधनहरुको अगाडि, पछाडि, दायाँ र बाँया तर्फका सिसाहरू र सवारी साधनको बडीमा समेत तोडफोड गरी क्षति पुऱ्याएको, सोही मितिको अं.१०:२५ बजेको समयमा सोही उच्छ्रिङ्खल समुहले महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस बिराटनगरको मुल गेट अगाडि रहेको पक्की सडकमा रोडशेष बिराटनगरबाट कोशी प्रदेश आयोजनाको कार्यालय तर्फ जाँदै गरेको सोही आयोजनाको को.१.झ ६४४ नम्बरको सवारी साधन(चार पाङ्ग्रे गाडी) रोकी सवारी साधनमा ढुंगा प्रहार गरी चालक र कर्मचारीलाई सवारी साधनबाट वाहिर निकाले पश्चात उक्त सवारी साधनमा आगजनी गरी पुर्ण रुपमा क्षति पुऱ्याई आपराधिक उपद्रव गरी(तोडफोड तथा आगो लगाएको), शान्ति सुरक्षाको अवस्थालाई खलल पुऱ्याउने कार्य गरी फरार भएको हुँदा उक्त कार्यमा संलग्न रहेका व्यक्तिहरुको खोजतलास तथा घटनास्थल आसपासका CCTV Footage, विभिन्न संचार माध्यममा प्रसारित भिडियोहरु लगायत विभिन्न माध्यमहरूबाट अनुसन्धान गर्ने क्रममा उक्त मिति, समय र स्थानहरुमा उच्छ्रिङ्खल र अवाञ्छित कृयाकलाप गरी शान्ति सुरक्षा र अमनचयनमा प्रत्यक्ष असर पारी जनमानसलाई आतंकित पारी उल्लेखित सवारी साधनहरुमा तोडफोड र आगजनी गरी क्षति पुऱ्याउने कार्यमा प्रतिवादी सनिम ठकुरी, मो.साहिन, प्रशान्त यादव, प्रज्जवल भन्ने प्रोज्वल अधिकारी, जे.पी यादव, देवकुमार साह, भानु चेल, रोशन पासमान, अभिमन्यु यादव र प्रज्वल

बिष्टको संलग्नता रहेको अनुसन्धानबाट देखिएको हुँदा निजहरुलाई कानून बमोजिम कारवाही गरी तोडफोड र आगजनीबाट क्षति भएको सवारी साधनको क्षतिपूर्ति दिलाई भराई पाउनका साथै उक्त वारदातमा पछि अन्य कोही कसैको संलग्नता रहेको खुल्न हुन आएमा पुनः प्रतिवेदन पेश गरिने व्यहोरा समेत सादर अनुरोध गरिएको छ भन्ने समेत व्यहोराको प्रनि हेमराज ओली समेतले दिएको प्रतिवेदन जाहेरी।

2. जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं.१२ स्थित पुर्वमा महेन्द्र मोरङ क्याम्पसबाट रोडशेष चौकतर्फ निस्कने बाटो, पश्चिममा महेन्द्र मोरङ क्याम्पसको मूल गेट, उत्तर दक्षिणमा पान्चालीबाट तालिम केन्द्रतर्फ जाने पक्की बाटो यति चार किल्ला भित्र पक्की सडकमा एउटा चार पाङ्ग्रे गाडी पूर्णरुपमा आगोले जली नष्ट भएको अवस्थामा रहेको, पश्चिमतर्फ फर्केको उक्त गाडीको ढोकाहरु खुल्ला रहेको, सिसाहरू फुटेको रहेको, अगाडि पछाडिको नम्वर प्लेट समेत जली नबुझिने रहेको गाडी भित्रको सिट लगायत सम्पुर्ण प्लाष्टिकको भाग, टायरहरू समेत जलेको, उक्त जलेको गाडीको वरीपरी खरानी समेत रहेको छेउछाउमा ढुङ्गा तथा इट्टाका टुक्राहरु रहेको उक्त चार पाङ्ग्रे गाडीको फलाम र टिनको भाग रहेको गाडी पुर्णरुपमा जली नष्ट भएको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का।

3. जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं.१२ पान्चाली रोड स्थित पुर्व र पश्चिममा पान्चाली रोड, उत्तरमा शिव मोवाईल रिपेरिङ सेन्टर र दक्षिणमा कञ्चनजंघा पार्टी प्यालेस यति चार किल्ला भित्र रहेको पञ्चमुखी चौकबाट रोडशेष चौक निस्कने पान्चाली पक्की सडकको उत्तर साइडमा पार्किङ गरि पूर्वतर्फ फर्काइरहेको अवस्थामा राखिएको निम्न सरकारी चार पाङ्ग्रे गाडीहरु अचानक आएको ठुलो भिडले तोडफोड तथा ढुङ्गा मुडा गर्दा बाग्मती प्रदेश ०१-००१ ञ २७०१, बा.१.ञ २४१९, B BA ८१८०, बा.१.ञ १८८७ र बाग्मती प्रदेश ०१-००१ ञ २७९० को गाडीहरु क्षति भएको घटनास्थलमा ढुङ्गा तथा इट्टाका टुक्राहरु र गाडीका फुटेका सिसाहरू समेत रोडमा छरपस्ट अवस्थामा रहेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का।

4. सवारी साधनमा पुगेको क्षती बापतको क्षतिपूर्ती रकम हाल सम्म उल्लेखित विपक्षीहरुले तिरे ब्यहोराका छैनन्। पार्किङ गरिराखेको सरकारी सवारी साधनमा उच्छ्रिङ्खल गतिबिधि गर्दै आवेशमा आई त्यसरी अनावश्यक रुपमा ढुंगामुढा प्रहार गरी सवारी साधनमा क्षती पुऱ्याउने उल्लेखित निज प्रतिवादीहरुलाई कानून बमोजिम कडा भन्दा कडा कारवाही गरी क्षती भएको B AB ८१८० नं.को सवारी साधन मर्मत गर्दा लागेको सम्पुर्ण क्षतिपूर्ती रकम कानून बमोजिम निज प्रतिवादीहरूबाट दिलाई भराई पाउँ भन्ने समेत व्यहोराको बिष्णु प्रसाद कोइरालाले गरेको घटना विवरण कागज।

5. मलाई हाम्रो अफिसको पार्किङ गरेको गाडीमा तोडफोड भयो भनि दिनको अं.११:३० बजेको समयमा फोन आएपछि म उक्त अफिसबाट निस्की सिटि सफारीमा उक्त स्थानमा आई हेर्दा गाडीको अगाडिको सिसा फुटेको, दायाँ साइडको दुईवटा ढोकाको सिसा फुटेको र गाडीको दायाँ साइडको गाडीमा ढुङ्गाले लागी क्षतीग्रस्त रुपमा रहेको मैले देखेको हुँ। कहाँ बाट कस्ले क्षती पुऱ्यायो भन्ने कुरा मलाई थाहा भएन। सो पश्चात मैले इटहरी स्थित पाथिभरा अटो वर्कसपमा गाडी ल्याई गाडीको सिसा रु.४५,०००।-(पैँतालीस हजार)मा फेरी गाडी मर्मत गरी म जिल्ला

तेह्रथुम फर्केको हुँ। हाल म सोही गाडी चलाउँदै आईरहेको छु। उक्त वारदातको समयमा कस्ले गाडीमा क्षती पुऱ्याएको हो भन्ने कुरा मलाई थाहा भएन। हाल यस कार्यालयमा उपस्थित भए पश्चात प्रतिवादीहरु सनिम ठकुरी समेत हुन भन्ने जानकारी पाएको हुँ। उक्त गाडी मर्मत संभारको लागि हामीले रकम पाएको छैन। निज विपक्षीहरूको तर्फबाट समेत हामीले क्षतिपुर्ति बापतको रकम पाएको छैन। यसरी पार्किङ गरी राखेको गाडी माथि तोडफोड गर्ने निज विपक्षीहरुलाई कानून बमोजिम कारवाही गरी हाम्रो गाडीमा पुगेको क्षतिमा लागेको मर्मत सँभार वापतको रकम समेत दिलाई भराई पाउँ भन्ने समेत व्यहोराको संजय राईले गरेको कागज।

6. मैले हो-हल्ला भएको सुनि बाहिर निस्कदा ढुंगामुढा लगायत अन्य उच्छ्रिङ्खल गतिविधी गर्दै आएका तत्काल अज्ञात समुहको भिड आई सो पार्टी प्यालेसको बाहिर पट्टी सडकमा पार्किङ गरी राखिएको बा.१.ञ १८८७, B AB ८१८०, बा.१.ञ २४१९, बागमती प्रदेश ०१-००१ ञ २७०१ र बागमती प्रदेश ०१-००१ ञ २७९० नं.को सवारी साधनहरुको अगाडि, पछाडि र दाहिने बाँया तर्फका सिसाहरू र सवारी साधनको बडीमा समेत तोडफोड गरी क्षति पुऱ्याएका हुन्। सो पश्चात समेत सोही उच्छ्रिङ्खल समुहले महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस बिराटनगरको मुल गेट अगाडि पक्की सडकमा रोडशेष विराटनगरबाट कोशी प्रदेश आयोजनाको कार्यालयतर्फ जाँदै गरेको सोही आयोजनाको को.१.झ ६४४ नम्बरको सवारी साधन(चार पाङ्ग्रे गाडी) रोकी सवारी साधनमा ढुंगा प्रहार गरी चालक र कर्मचारीलाई गाडीबाट वाहिर निकाली उक्त सवारी साधनमा आगजनी गरी पुर्ण रुपमा क्षति पुऱ्याएका हुन्। तत्काल निजहरुलाई पहिचान गर्न नसके तापनि हाल आएर बुझ्दा उक्त घटना घटाउने कार्यमा सनिम ठकुरी, प्रशान्त यादव, प्रज्जवल भन्ने प्रोज्वल अधिकारी, देव कुमार साह, भानु चोल, यम्बापे भन्ने रोशन पासमान, हाकु भन्ने प्रज्वल जंग विष्ट, जे.पी. यादव, अभिमन्यु यादव र मोहमद सलमान समेतको संलग्नता पाईएको भन्ने सुनि थाहा पाएको हुँ। मैले चलाएको बा.१.ञ २४१९ नं.को गाडीमा अगाडि/पछाडि दुबै साइडको सिसा, लुकिङ ग्लास, ड्राइभर साइडको सिसा समेतमा गरि जम्मा रु.८५,८२३.५०।- मुल्य बराबरको गाडीमा क्षति भएको हो। उक्त गाडी हाल अफिसले नै मर्मत गरि संचालन गरिरहेको छ। उक्त गाडीको तेश्रो पक्ष बिमा मात्र भएको हुँदा बिमा भुक्तानी हुँदैन भन्ने सुनेको छु। मैले चलाएको बा.१.ञ २४१९ नं.को गाडीमा भएको क्षतिको निज विपक्षीहरु बाटै क्षतिपुर्ति दिलाई भराई निजहरुलाई कडा भन्दा कडा कारवाही गरि पाउँ भन्ने समेत व्यहोराको सिकोर लाल सोरेनले गरेको कागज।

7. उक्त वारदातको दिन मैले जिल्ला मोरङ विराटनगर म.न.पा वडा नं.१२ पाञ्चाली चोक स्थित कञ्चनजंघा पार्टी प्यालेसमा बैठक भएकोले गर्दा हाम्रो कार्यालयका प्रमुखलाई उक्त पार्टी प्यालेस पुऱ्याई सोही पार्टी प्यालेसको बाहिर पट्टी बाटोको छेउमा उल्लेखित नम्वरको गाडी पार्किङ गरी म समेत सोही पार्टी प्यालेस भित्र कार्यक्रम हेर्न, सुन्न भनी गई बसेको थिएँ। सोही क्रममा गाडी पार्किङ गरी भित्र गएको अन्दाजी आधा घण्टा पछि पार्टी प्यालेस बाहिर हो-हल्ला भएको सुनी तत्काल बाहिर निस्केर हेर्दा १५/२० जना युवाहरुको हुलले म समेतले पार्किङ गरी राखेको गाडी समेतलाई लक्षित गरी ढुङ्गा तथा इटाका टुक्राहरूले हानी तोडफोड

गरी भाग्दै गरेको देखेको हुँ। उक्त स्थानमा गई हेर्दा मैले चलाउने गरेको बा.प्र. ०१-००१-ञ २७९० नं.को सवारी साधन गाडीको पछाडिको सिसा फुटेको, दायाँ साइडको ढोका कुच्चिएको अवस्थामा रहेको मैले देखेको हुँ। सो पश्चात वारदात भएको आधा घण्टा पछि उक्त सवारी साधन मैले आफैले चलाई आफ्नै कार्यालय परिसर भित्र लगी पार्किङ गरी राखेको हुँ। मिति २०८१।०२।२९ गते मैले कार्यालय प्रमुखको आदेश अनुसार मैले सो गाडी विराटनगर स्थितमा रहेको न्यू विश्वकर्मा रिपेयर्समा लगी गाडीको ढोका मर्मत गर्दा रु.३३,०००।- (तेत्तीस हजार) र विराटनगर स्थितमै रहेको सुपेरियर्स मोटर्समा लगी गाडिको पछाडिको सिसा नयाँ फेर्दा रु.२८,४७४.०१।-(अट्ठाइस हजार चार सय चौहत्तर रुपैँया एक पैसा) मा फेरी/मर्मत गरी हाल म सोही गाडी चलाउँदै आईरहेको छु। उक्त वारदातको समयमा कस्ले गाडीमा क्षती पुऱ्याएको हो भन्ने कुरा मलाई थाहा भएन। उक्त गाडी मर्मत संभारको लागि हामीले कुनै बिमा संघ संस्थाबाट रकम पाएको छैन भने निज विपक्षीहरूको तर्फबाट समेत हामीले क्षतिपुर्ति बापतको रकम पाएको छैन। सो वारदातमा मैले चलाउने गरेको बा.प्र. ०१-००१-ञ २७९० नं.को तोडफोड भएको गाडीको फोटो, गाडी मर्मत गर्दा लागेको रकमको बिलको छाँया कपी समेतका कागजात पाना-६ यसै कागज साथ पेश गरेको छु। यसरी पार्किङ गरी राखेको गाडी माथि तोडफोड गर्ने निज विपक्षीहरुलाई कानून बमोजिम कारबाही गरी हाम्रो गाडीमा पुगेको क्षतिमा लागेको मर्मत सँभार वापतको रकम समेत दिलाई भराई पाउँ भन्ने व्यहोरा देवेन्द्र श्रेष्ठले गरेको कागज।

8. उल्लेखित बा.१.ञ १८८७ नं.को गाडी बाहिर पार्किङ गरी राखेको स्थानमा अज्ञात समुहले ढुङ्गामुढा गर्दा मैले चलाउँदै आएको बा.१.ञ १८८७ नं.को गाडीको अगाडिको सिसा फुटेको, आगो लगाई दिएको, अगाडिको ढोका कुच्चिएको हुँदा उक्त सवारी मर्मत गर्दा करिव रु.४५,०००।- (पैतालिस हजार) बरावरको क्षति भएको हो। हाल उक्त सवारी साधन मर्मत भई संचालन गर्दै आएका छौ। उक्त सवारी साधनको मर्मत सम्भारमा पुगेको क्षतिको बिमा दाबी कुनै नभएको, उक्त सवारी साधनमा समेत क्षती पुऱ्याउने मानिसहरु के-कहाँका मानिसहरु हुन मलाई एकिन थाहा छैन। विपक्षीहरुले उक्त सवारी साधनमा पुगेको क्षतिको क्षतिपूर्ती दिएका छैनन्। कानून बमोजिम क्षतिपूर्तिको व्यवस्था होस भन्ने समेत व्यहोराको राम प्रसाद धिमालले गरेको कागज।

9. मिति २०८१।०२।२७ गते बिहानको अं.१०:१५ बजेको समयमा जिल्ला मोरङ विराटनगर म.न.पा वडा नं.१२ स्थित महेन्द्र मोरङ क्याम्पसको अगाडि सडकमा गुडिरहेको म समेत कार्यरत रहेको कोशी योजना आयोग विराटनगरको नाममा दर्ता कायम रहेको को.१.झ ६४४ नं.को गाडीलाई तत्काल अज्ञात मानिसहरुले रोकी उक्त गाडीमा आगजनी गर्दा सो गाडी पूर्ण रुपमा क्षती भएको भन्ने कुरा तत्काल सुनी थाहा पाएको हो। उक्त आगजनीबाट सो गाडी पूर्ण रुपमा क्षती भएको छ। उक्त आगजनीबाट कार्यालयको गाडी पूर्ण रुपमा क्षती भएको सम्बन्धमा तत्काल सोही दिन यस जिल्ला प्रहरी कार्यालयलाई पत्राचार गरेको तथा प्रहरीबाट समेत घटनास्थल मुचुल्का भएको हो। सो दिन उक्त गाडी तथा बिभिन्न विद्युत कार्यालयहरुका सवारी साधनमा तोडफोड गर्ने मानिसहरुको सम्बन्धमा प्रहरीबाट अनुसन्धान गर्ने क्रममा सनिम ठकुरी, प्रशान्त यादव, प्रज्जवल भन्ने प्रोज्वल अधिकारी, देव कुमार साह, भानु चोल,

यम्बापे भन्ने रोशन पासमान, हाकु भन्ने प्रज्वल जंग विष्ट, जे.पी. यादव, अभिमन्यु यादव र मोहमद सलमान रहेको भन्ने हाल सुनी थाहा भयो। यसरी सरकारी सवारी साधनमा आगजनी गरी पूर्ण रुपमा क्षती पुऱ्याउने मानिसको सम्बन्धमा अनुसन्धान गरी कानून बमोजिम होस भन्ने समेत व्यहोराको राम चन्द्र अधिकारीले गरेको कागज।

10. मिति २०८१।०२।२७ गते बिहानको अं.१०:१५ बजेको समयमा म आफ्नै क्यापेमा थिए। उल्लेखित मिति र समयमा जिल्ला मोरङ विराटनगर म.न.पा वडा नं.१२ पान्चाली चौक स्थित कञ्चनजंघा पार्टी प्यालेसमा नेपाल बिधुत प्राधिकरणको सभा गोष्ठी भईरहेको अवस्थामा पार्किङमा रहेका सवारी साधनहरुमा तोडफोड तथा आगजानीमा महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पसका अध्ययनरत प्रतिवादीहरु अभिमन्यु यादव, सनिम ठकुरी ,प्रशान्त यादव, मोहमद सलमान, प्रज्वल अधिकारी, जे.पी यादव, देवकुमार साह, भानु चेल, रोशन पासवान र प्रज्वल बिष्ट (हाकु) को संलग्नता रहेको भन्ने सुनेर थाहा पाएको हुँ। निजहरुलाई कानून वमोजिम कारबाही होस र गाडीको क्षतिपुर्ति समेत सम्वन्धित धनीलाई दिलाई भराई पाउँ भन्ने समेत व्यहोराको आयुस थापाले गरेको घटना विवरण कागज।

11. मिति 2081।02।27 गते बिराटनगरमा तोडफोड भएको यस कार्यालयको सवारी (गाडी नं:- बागमती प्रदेश-०१-००१ ञ २७०१) मा रु.31,350।- बराबरको क्षति भएको भन्ने समेत व्यहोराको नेपाल विद्युत प्राधिकरण, तेह्रथुम वितरण केन्द्रको च.नं.644 मिति 2081।03।06 गतेको पत्र।

12. मिति 2081।02।27 गते बिराटनगरमा तोडफोड भएको यस कार्यालयको सवारी (गाडी नं:- बा.1.ञ २४१९) मा रु.85,823.50।- बराबरको क्षति भएको भन्ने समेत व्यहोराको नेपाल विद्युत प्राधिकरण, गौरादह वितरण केन्द्रको च.नं.787 मिति 2081।03।26 गतेको पत्र।

13. मिति 2081।02।27 गते बिराटनगरमा तोडफोड भएको यस कार्यालयको सवारी (गाडी नं:- BAB ८१८०) मा रु.2,97,947.10।- बराबरको क्षति भएको भन्ने समेत व्यहोराको नेपाल विद्युत प्राधिकरण, ईलाम (पुवा खोला) जलविद्युत केन्द्रको च.नं.344 मिति 2081।03।06 गतेको पत्र।

14. मिति 2081।02।27 गते बिराटनगरमा तोडफोड भएको यस कार्यालयको सवारी (गाडी नं:- बा.१.ञ १८८७) मा रु.44,001.50।- बराबरको क्षति भएको भन्ने समेत व्यहोराको नेपाल विद्युत प्राधिकरण, अनारमनी वितरण केन्द्रको च.नं.1054 मिति 2081।03।06 गतेको पत्र।

15. मिति 2081।02।27 गते बिराटनगरमा तोडफोड भएको यस कार्यालयको सवारी (गाडी नं:- बागमती प्रदेश ०१-००१ ञ २७९०) मा जम्मा रु.61,474.01।- बराबरको क्षति भएको भन्ने समेत व्यहोराको नेपाल विद्युत प्राधिकरण, कोशी प्रदेश प्रादेशिक कार्यालयको च.नं.1516 मिति 2081।03।10 गतेको पत्र।

16. मिति 2081।02।27 गते बिराटनगरमा तोडफोड भएको गाडी नं:- को.१.झ ६४४ को मुल्य आ.व.075-076 मा रु.55,90,000।- रहेकोमा हालको मिति 2081।08।21 मा सो सवारी साधनको नियमानुसार ह्रास कट्टा गरि तथा बजार मूल्य समेतलाई आधार बनाई हाल सो

सवारी साधनाको उपयुक्त बजार मुल्य रु.22,50,000।- कायम हुने भन्ने समेत व्यहोराको हभी ईक्विपमेण्ट डिभिजन, इटहरीको च.नं.158 मिति 2081।08।21 गतेको पत्र।

17. प्रतिवादीहरु सनिम ठकुरी, प्रशान्त यादव, हाकु भन्ने प्रज्वल विष्ट, रोशन कुमार पासमान, मोहमद सलमान भन्ने मो.साहिन, भानु चेल, जे.पी यादव भन्ने जय नारायण पाण्डे, देव कुमार साह, अभिमन्यु यादव र प्रज्जवल भन्ने प्रोज्वल अधिकारीले मुलुकी अपराध संहिता, २०७४ को दफा २८५ को उपदफा (१) विपरीत उपदफा (२)(क) बमोजिमको कार्य कसुर गरेकोले निज प्रतिवादीहरुलाई ऐ.संहिताको दफा 285 को उपदफा (३)(ग) वमोजिम तथा वारदातको क्रममा नेपाल विद्युत प्राधिकरण, तेह्रथुम वितरण केन्द्रको रु.31,350।- बराबरको क्षति भएको, नेपाल विद्युत प्राधिकरण, गौरादह वितरण केन्द्रको रु.85,823.50।-बराबरको क्षति भएको, नेपाल विद्युत प्राधिकरण, ईलाम (पुवा खोला) जलविद्युत केन्द्रको रु.2,97,947.10।- बराबरको क्षति भएको, नेपाल विद्युत प्राधिकरण, अनारमनी वितरण केन्द्रको रु.44,001.50।-बराबरको क्षति भएको, नेपाल विद्युत प्राधिकरण, कोशी प्रदेश प्रादेशिक कार्यालयको रु.61,474.01।-बराबरको क्षति भएको र कोशी प्रदेश आयोजनाको रु.22,50,000।- बराबरको क्षति भई जम्मा रु.27,70,596.2।-(सत्ताईस लाख सत्तरी हजार पाँच सय छयानब्बे रुपैयाँ बीस पैसा) मुलुकी अपराध संहिता, 2074 को दफा 285 को उपदफा ४ बमोजिम निज प्रतिवादीहरुबाटै सम्बन्धित कार्यालयहरुलाई दिलाई भराई पाउँ भन्नेसमेत व्यहोराको अभियोग दावी।

18. म महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस मोरङ विराटनगरमा BBS तेस्रो वर्षमा अध्ययनर विद्यार्थी हो। म कहिले काहीँ मात्र कलेज आउने जाने गर्ने हुनाले वारदात मिति समय 2081/02/27 गते म कलेज नगई देखि बेलुकासम्म आफ्नै घरमा घरकै काम गरी बसी आएको हो। उक्त मिति समयमा अन्य प्रतिवादीहरु को कहाँ थिए मलाई थाहा भएन। घटना को कसले घटाए मलाई थाहा छैन। घटना वारदातमा को कसको संलग्नता छ, मलाई थाहा छैन। म उपरको प्रहरी प्रतिवेदन झुठा हो। किन त्यस्तो झुठा प्रतिवेदन दिए थाहा भएन। म उल्लिखित घटना वारदातमा संलग्न नभएकोले अभियोग दावीबाट सफाई पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी मोहमद सलमान भन्ने मो.साहिनले यस अदालत समक्ष गरेको बयान।

19. म मिति 2081/02/27 गतेका दिन बिएस्सी चौथो वर्षको परीक्षा नजिकै आएकोले सोको तयारी गरि मोरङ जिल्ला, विराटनगर महानगरपालिका वडा नं.12 मा रहेको मेरो आफ्नै रुममा थिएँ। परीक्षा सकिएपछि हालसम्म म आफ्नो घरमा गई बसेको थिएँ। चौथो वर्षको चार विषय पास गर्न नसकेकोले हाल पनि ब्याक पेपरको परीक्षा दिनको लागि घरमै बसी अध्ययन गरिरहेको छु। म घटना भएको स्थानमा नआएको हुनाले को कस्ले के कसरी र किन त्यसरी सवारी साधन तोडफोड तथा आगजनी गरे, मलाई थाहा भएन। जाहेरी दरखास्तमा उल्लिखित सवारी साधन तोडफोड तथा आगजनी गर्ने गराउने कार्यमा मेरो कुनै किसिमको संलग्नता छैन। त्यसैले मेरो समेत नाम उल्लेख गरी सवारी साधनमा क्षति पुऱ्याई आपराधिक उपद्रव गरेको भन्ने प्रहरी प्रतिवेदनको व्यहोरा झुठा हो। फोटोहरूको हेड लाइनमा सवारी साधन तोडफोड तथा आगजनीमा संलग्न व्यक्तिहरुको फोटो भनी मेरो फोटो समेत सामेल राखिएको व्यहोरा झुठा हो। उक्त कसूरमा कुनै संलग्नता नभएकोले म निर्दोष छु। मलाई कुनै सजाय

तथा जरिवाना समेत नहोस् सफाई पाउँ भन्ने समेत व्यहोराको प्रतिवादी रोशन कुमार पासमानले यस अदालतमा गरेको बयान।

20. मिति 2081/02/27 गतेका दिन मोरङ जिल्ला, बुढीगंगा गाउँपालिका स्थितमा रहेको हुलास वायर ईण्डष्ट्रिजमा बसी बिबिएम आठौं सेमेस्टरको इन्टर्नसिप गरिरहेको थिएँ। सो पश्चात म आफ्नै घरमा बसी बिबिएमको अध्ययन सकी हाल महेन्द्र मोरङ क्याम्पसमा एमबीएस अध्ययन गरिरहेको छु। म घरमा आएपछि मैले सवारी साधनहरु तोडफोड गरेको भन्ने सुनेको हुँ। तर को कस्ले किन त्यसरी सवारी साधन तोडफोड गरि क्षति पुऱ्याएका हुन, मलाई थाहा भएन। उक्त मिति र समयमा अरु प्रतिवादीहरूसँग मेरो भेट भएको थिएन। त्यसैले मेरो समेत नाम उल्लेख गरी सवारी साधनमा क्षति पुऱ्याई आपराधिक उपद्रव गरेको भन्ने प्रहरी प्रतिवेदन व्यहोरा झुठा हो। प्रतिवेदनमा उल्लिखित सवारी साधन तोडफोड तथा आगजनी गर्ने गराउने कार्यमा मेरो कुनै किसिमको संलग्नता नभएकोले म निर्दोष छु। मलाई कुनै सजाय तथा जरिवाना समेत नहोस् सफाई पाउँ भन्ने समेत व्यहोराको प्रतिवादी भानु चेलले यस अदालतमा गरेको बयान।

21. प्रतिवेदनमा उल्लेखित मिति 2081/02/27 गते म आफ्नै घरमा मेरो सानो छोरा खेलाएर घरमा नै बसेको थिएँ। सो घटनाका बारेमा मलाई कुनै थाहा जानकारी भएन। घटना भएको कुरा साथीहरुले भनेर थाहा पाएको हो। मेरो नाम छ भन्ने कुरा कसैले पनि भनेको थिएन। पछि अदालतबाट म्याद गएपछि थाहा पाई म हाजिर हुन आएको हुँ। सो घटनामा को कसको संलग्न रहेको थियो मलाई थाहा भएन। । साथै विगो समेत भराउनु पर्ने होइन। म माथि लगाएको आरोप झुठा हो। मैले सफाई पाउनु पर्ने हो। सो घटनामा को-कसको संलग्न रहेको समेत म भन्न सक्दिन। अभियोग दावी बमोजिम सजाय हुने होइन भन्ने समेत व्यहोराको प्रतिवादी प्रोज्वोल अधिकारीले यस अदालतमा गरेको बयान।

22. प्रतिवेदनमा उल्लेखित मिति 2081/02/27 गते म आफ्नै घरमा पढेर बसेको थिएँ। परिक्षाको समयमा मात्र क्याम्पस आउने गरेको थिएँ। अन्य समय घर तिरै बस्ने गरेको थिएँ। सो घटनाका बारेमा मलाई कुनै थाहा जानकारी भएन। घटना भएको कुरा साथीहरुले भनेर थाहा पाएको हो। मेरो नाम छ भन्ने कुरा कसैले पनि भनेको थिएन। पछि अदालतबाट म्याद गएपछि थाहा पाई म हाजिर हुन आएको हुँ। सो घटनामा को कसको संलग्न रहेको थियो मलाई थाहा भएन। साथै विगो समेत भराउनु पर्ने होइन। म माथि लगाएको आरोप झुठा हो। मैले सफाई पाउनु पर्ने हो। सो घटनामा को-कसको संलग्न रहेको समेत म भन्न सक्दिन। अभियोग दावी बमोजिम सजाय हुने होइन भन्ने समेत व्यहोराको प्रतिवादी देव कुमार साहले यस अदालतमा गरेको बयान।

23. प्रतिवेदनमा उल्लेखित मितिमा म कामको सिलसिलामा कलेज भित्रै स्ववियुको कार्यकक्षमा थिएँ। घटनाको बारेमा पछि थाहा पाएको हुँ। उक्त घटनामा मेरो कुनै संलग्नता छैन। अन्य को-को संलग्न छन भन्ने सम्बन्धमा मलाई थाहा भएन। म स्ववियु सचिव भएको कारणले सम्म मेरो नाम उल्लेख गरेको हुनुपर्छ। मैले कुनै आपराधिक उपद्रवको कार्य गरेको छैन।

अभियोग दावी बमोजिम कसूर नगरेको हुँदा मलाई अभियोग दावी बमोजिम सजाय हुनुपर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादी सनिम ठकुरीले यस अदालतमा गरेको बयान।

24. प्रतिवेदनमा उल्लेखित मितिमा म फुपूको घर रानीमा पूजामा गएको थिएँ। घटनाको बारेमा पछि थाहा पाएको हुँ। उक्त घटनामा मेरो कुनै संलग्नता छैन। अन्य को-को संलग्न छन् भन्ने सम्बन्धमा मलाई थाहा भएन। म स्ववियु उप-सभापति भएको हुँदा राजनितिक कारणलेसम्म मेरो नाम उल्लेख गरेको हुनुपर्छ। मैले कुनै आपराधिक उपद्रवको कार्य गरेको छैन। मैले अभियोग दावी बमोजिम कसूर नगरेको हुँदा अभियोग दावी बमोजिम सजाय हुनुपर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादी प्रशान्त यादवले यस अदालतमा गरेको बयान।

25. मिति 2081/02/27 गते म विराटनगरमा थिइन। सो मितिमा घरायसी काम परेका कारण म सुनसरी वराहक्षेत्र स्थित मेरो आफ्नै घरमा गई घरायसी काम गर्नमा व्यस्त थिएँ। वारदात भएको भनिएको उक्त मिति र समयमा म वारदात स्थलमा नभएको कारण घटनाको बारेमा मलाई केही पनि थाहा भएन। म महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पसको स्व.वि.यु. सदस्यको रुपमा निर्वाचित भई मैले सक्रिय सदस्यको रुपमा काम गरेका कारण रिस डाह गरी मेरो नाम पोल गरी म समेतलाई प्रतिवादी बनाई जाहेरी दिएका होलान्। जाहेरीमा उल्लेखित गाडी आगजनी गरी धनमाल नोक्सान गर्ने कार्यमा मेरो संलग्नता रहेको छैन, होइन। म निर्दोष छु, सजाय हुने होइन, कारवाही हुने होइन, सफाई पाउँ भन्ने समेत व्यहोराको प्रतिवादी हाकु भन्ने प्रज्वल विष्टले यस अदालतमा गरेको बयान।

26. प्रतिवादीहरु मोहमद सलमान भन्ने मो.साहिब, भानु चेल, रोशन कुमार पासमान, देवकुमार साह, प्रोज्वल अधिकारी, सनिम ठकुरी, प्रशान्त यादव र हाकु भन्ने प्रज्वल विष्टलाई मुलकी फौजदारी कार्यविधि संहिता, 2074 को दफा 68 र दफा 72 बमोजिम जनही रु.10,000/-(दश हजार रुपैँया) नगद धरौट वा सो बरावरको जेथा जमानत वा बैंक जमानत माग गरि दिए लिई तारेखमा राख्नु। माग बमोजिमको धरौट जमानत दिन नसके निज प्रतिवादीलाई नियमानुसार सिधा खान पाउने गरी मुलुकी फौजदारी कार्यविधि संहिताको 80 बमोजिम थुनुवा पुर्जी दिई थुनामा राख्न सम्बन्धित कारागार कार्यालय पठाइदिनु भन्ने समेत बेहोराको यस अदालतको आदेश।

27. प्रतिवादी हाकु भन्ने प्रज्वल विष्टलाई सानैदेखि चिन्दछु। एउटै स्कुल पढेका हौं। निजको चालचलन राम्रो रहेको छ।प्रतिवादी प्रज्वल विष्टको 3 दिनपछि जाँच भएकोले गर्दा म प्रज्वल विष्टलाई उनकै घरमा पढाउँदै थिएँ। निजको घरमा भएको हुनाले उसको बुवा, आमा, छिमेकी टंक विष्ट र चन्द्र खड्का समेतका मानिसहरुसँग भेटघाट भएको थियो। प्रतिवादी प्रज्वल विष्ट निर्दोष रहेको हुँदा सफाई पाउनुपर्ने हो भन्नेसमेत व्यहोराको हाकु भन्ने प्रज्वल विष्टको साक्षी विपिन कार्कीले गरेको बकपत्र।

28. प्रतिवादी भानु चेलको चालचलन राम्रो रहेको छ। निज प्रतिवादी बुढीगंगा गाउँपालिकामा रहेको हुलास वायर ईन्डष्ट्रिजमा बिबिएम आठौं सेमेष्टरको ईन्टर्नसिप गर्न गएको थियो। म चाहि रिपोर्ट बनाउन गएको थिएँ। उक्त मितिमा फ्याक्ट्रीका मानिसहरुसँग भेट भएको थियो। निजले ढुङ्गा मुढा गर्ने आगलागी गर्ने कार्य गरेको छैन। निज निर्दोष रहेको हुँदा सफाई पाउनुपर्ने हो

भन्ने समेत व्यहोराको प्रतिवादी भानु चेलको साक्षी राहुल कुमार साहले यस अदालत समक्ष गरेको बकपत्र।

29. प्रतिवादी देवकुमार साहको चालचलन राम्रो रहेको छ। म उक्त वारदातको दिन निज प्रतिवादीको घरमा पाहुना बस्न गएको थिएँ। 1/2 दिन बसेर फर्केको हुँ। उक्त दिन निजको बुवा, आमा, छिमेकी नथुलाल यादव समेतका मानिसहरुसँग भेटघाट भएको थियो।निजले गाडीहरूमा तोडफोड नगरेको हुँदा अभियोग दावी बमोजिम सजाय हुने होइन, निर्दोष छन, सफाई पाउनुपर्ने हो भन्ने समेत व्यहोराको प्रतिवादी देवकुमार साहको साक्षी मनिष पौद्दारले गरेको बकपत्र।

30. प्रतिवादी मोहमद सलमान भन्ने मो.साहिनको चालचलन राम्रो रहेको छ। उक्त वारदातको दिन म, निज प्रतिवादीको घरमा फुटबल खेल्नका लागि गएको थिएँ। उक्त दिन मोहन शर्मा, रोहन शर्मा समेत भेट भएको थियो। अभियोग दावी गलत हो। निज प्रतिवादी उक्त कार्यमा संलग्नता नरहेकोले निर्दोष छन, सफाई पाउनुपर्ने हो भन्ने समेत व्यहोराको प्रतिवादी मोहमद सलमान भन्ने मो.साहिनको साक्षी सुकेन खत्वेले गरेको बकपत्र।

31. प्रतिवादी प्रोज्वल अधिकारीको चालचलन राम्रो रहेको छ। उक्त वारदातको दिन निज प्रतिवादी घरमा बच्चा हेर्दै बस्नुभएको थियो। अभियोग दावी गलत हो। निज प्रतिवादी उक्त कार्यमा संलग्नता नरहेकोले निर्दोष छन, सफाई पाउनुपर्ने हो भन्ने समेत व्यहोराको प्रतिवादी प्रोज्वल अधिकारीको साक्षी डिन पराजुलीले गरेको बकपत्र।

32. प्रतिवादी रोशन कुमार पासमानको चालचलन राम्रो रहेको छ। उक्त वारदातको दिन निज प्रतिवादीको परीक्षा आएकोले विराटनगर-12 स्थित आफ्नै डेरामा कोठामा पढ्दै हुनुहुन्थ्यो। घरमा फुटबल खेल्नका लागि गएको थिएँ। उक्त दिन मोहन शर्मा, रोहन शर्मा समेत भेट भएको थियो। अभियोग दावी गलत हो। निज प्रतिवादी समेतले गाडी तोडफोड आगलागी समेत गरेको छैन। निजहरुलाई सजाय हुनुपर्ने होइन, सफाई पाउनुपर्ने हो भन्ने समेत व्यहोराको प्रतिवादी रोशन कुमार पासमानको साक्षी रितिक कुमार पासमानले गरेको बकपत्र।

33. मिति 2081।02।27 गते विराटनगर-12 मा केही मानिसहरुले विभिन्न सवारी साधनहरु तोडफोड गरी क्षति पुऱ्याएका र महेन्द्र मोरङ क्याम्पस नजिक को.1.ज.644 नं. को सवारी साधनमा आगजनी गरी क्षति पुऱ्याएका हुँदा तत्काल सूचनाका आधारमा निजहरु विरुद्द प्रतिवेदन पेश गरी कारवाही प्रक्रिया अगाडि बढाइएको थियो। सो दिन सो वारदात रोडसेस चोक नजिक अन्य सवारी साधनहरुमा क्षति पुऱ्याएकोले म समेतको टोली थप मद्दतको लागि खटिई जाँदा सो सवारी साधनहरुमा क्षती पुगिसकेको र त्यहाँको शान्ती सुरक्षा कायम राख्न सोही स्थानमा रहेको वखत सो स्थलबाट अन्दाजी 5/7 मिनेट टाढा रहेको महेन्द्र मोरङ कलेजको गेटमा उल्लेखित सवारी साधनमा आगजनी भयो भन्ने जानकारी पाई मसमेत सो स्थानमा पुग्दा सवारी साधनमा आगो लागि रहेको अवस्थामा देखेको हुँ। सो समयमा क्याम्पस समेत नजिक भएकोले गर्दा क्याम्पसका विद्यार्थी समेतका एक ढेड सय मानिसहरुको भिडभाड थियो भन्ने समेत व्यहोराको प्रतिवेदक प्र.नि. हेमराज ओलीले यस अदालत समक्ष गरेको बकपत्र।

34. मिसिल सामेल रहेको सिसिटिभी फुटेज भनिएको सीडीलाई फाँटका कर्मचारी, अदालतका सूचना प्रविधि सहायक तथा वादी प्रतिवादीका कानून व्यवसायीको रोहवरमा खोली उक्त फुटेजको इमेज फोटो, प्रिन्ट गरी प्रमाणित गरी मिसिल सामेल राख्नु भन्ने आदेशानुसार रोहवरमा सिडी/डिभिडी खोली प्रयोग गर्दा सिडी/डिभिडी स्क्र्याच भई नखुलेकोले फुटेजको इमेज फोटो प्रिन्ट गर्न नसकिएको भन्ने व्यहोरा मिसिल सामेल रहेको।

35. प्रतिवादीहरु मध्येका जे.पी. यादव भन्ने जय नारायण र अभिमन्यु यादवका नाउँमा यस अदालतबाट जारी भएको म्याद मिति 2081/9/21 मा घरदैलो टाँस तामेल भई शुरु म्याद गुजारी बसेको देखिन्छ।

<u>ठहर खण्ड:</u>

1. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेशी सुचीमा चढि यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न कागजातहरु अध्ययन गरी वादी नेपाल सरकारका तर्फबाट उपस्थित सहायक जिल्ला न्यायाधिवक्ता श्री लवराज घिमिरे तथा प्रतिवादीहरूका तर्फबाट विद्धान अधिवक्ता श्री यम बहादुर मगर र श्री पूर्ण बोहराले गर्नु भएको बहस समेत सुनियो। अव अभियोग दावी बमोजिम यी प्रतिवादीहरुले आपराधिक उपद्रव गरेका हुन, होइनन्, कसुर गरेको भए निज प्रतिवादीहरुलाई के कति सजाय हुनुपर्ने हो भन्ने सम्वन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

2. निर्णयतर्फ विचार गर्दा, प्रतिवादीहरु सनिम ठकुरी, प्रशान्त यादव, हाकु भन्ने प्रज्वल विष्ट, रोशन कुमार पासमान, मोहमद सलमान भन्ने मो.साहिन, भानु चेल, जे.पी यादव भन्ने जय नारायण पाण्डे, देव कुमार साह, अभिमन्यु यादव र प्रज्जवल भन्ने प्रोज्वल अधिकारीले मुलुकी अपराध संहिता, २०७४ को दफा २८५ को उपदफा (१) विपरीत उपदफा (२)(क) बमोजिमको आपराधिक उपद्रवको कसुर गरेकोले निज प्रतिवादीहरुलाई सोही संहिताको दफा 285 को उपदफा (३)(ग) वमोजिम सजाय गरी क्षति पुऱ्याएको विगो समेत दिलाई भराई पाउँ भन्नेसमेत व्यहोराको अभियोग दावी रहेको पाइन्छ।

3. मिति २०८१।०२।२७ गते बिहानको अं.१०:१५ बजेको समयमा जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं.१२ पान्चाली चोक स्थित कञ्चनजंघा पार्टी प्यालेसमा नेपाल विद्युत प्राधिकरणको सभा गोष्ठी भइरहेको अवस्थामा ढुंगामुढा लगायत अन्य उच्छ्रिङ्खल गतिविधी गर्दै आएका तत्काल अज्ञात समुहको भिड आई सो पार्टी प्यालेसको बाहिर पट्टी सडकमा पार्किङ गरी राखिएको बा.१.ञ १८८७, B.AB ८१८०, बा.1.ञ २४१९, बागमती प्रदेश-०१-००१ ञ २७०१ र बागमती प्रदेश ०१-००१ ञ २७९० नं.को सवारी साधनहरुको अगाडि, पछाडि, दायाँ र बाँया तर्फका सिसाहरू र सवारी साधनको बडीमा समेत तोडफोड गरी क्षति पुऱ्याएको, सोही मितिको अं.१०:२५ बजेको समयमा सोही उच्छ्रिङ्खल समुहले महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस बिराटनगरको मुल गेट अगाडि रहेको पक्की सडकमा रोडशेष बिराटनगरबाट कोशी प्रदेश आयोजनाको कार्यालय तर्फ जाँदै गरेको को.१.झ ६४४ नम्बरको सवारी साधन(चार पाङ्ग्रे गाडी) रोकी ढुंगा प्रहार गरी चालक र कर्मचारीलाई वाहिर निकाली आगजनी गरी पुर्ण रुपमा क्षति पुऱ्याई तोडफोड तथा आगो लगाई शान्ति सुरक्षाको अवस्थालाई खलल पुऱ्याउने कार्य गरी

फरार भएको, घटनास्थल आसपासका CCTV Footage, विभिन्न संचार माध्यममा प्रसारित भिडियोहरु लगायतबाट प्रतिवादी सनिम ठकुरी, मो.साहिन, प्रशान्त यादव, प्रज्जवल भन्ने प्रोज्वल अधिकारी, जे.पी यादव, देवकुमार साह, भानु चेल, रोशन पासमान, अभिमन्यु यादव र प्रज्वल बिष्टको संलग्नता रहेको देखिएको हुँदा निजहरुलाई कानून बमोजिम कारवाही गरी तोडफोड र आगजनीबाट क्षति भएको सवारी साधनको क्षतिपूर्ति दिलाई भराई पाउनका प्रनि हेमराज ओली समेतले दिएको प्रतिवेदनबाट प्रस्तुत मुद्दाको उठान भएको देखिन्छ।

4. प्रतिवादी मोहमद सलमान भन्ने मो.साहिनले म महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस मोरङ विराटनगरमा BBS तेस्रो वर्षमा अध्ययन र विद्यार्थी हो। वारदात मिति समय 2081/02/27 गते म कलेज नगई घरमा घरकै काम गरी बसेको थिए। उक्त मिति समयमा अन्य प्रतिवादीहरु को कहाँ थिए मलाई थाहा भएन। घटना को कसले घटाए मलाई थाहा छैन। वारदातमा संलग्न नभएकोले अभियोग दावीबाट सफाई पाउँ समेत भनी अदालत बयान गरेको पाइन्छ।

5. प्रतिवादी रोशन कुमार पासमानले म मिति 2081/02/27 गतेका दिन बीएस्सी चौथो वर्षको परीक्षा नजिकै आएकोले सोको तयारी गरि मोरङ जिल्ला, विराटनगर महानगरपालिका वडा नं.12 मा रहेको मेरो आफ्नै रुममा थिएँ। परीक्षा सकिएपछि हालसम्म म आफ्नो घरमा गई बसेको छु। म घटना भएको स्थानमा नगएको हुनाले को कस्ले के कसरी र किन त्यसरी सवारी साधन तोडफोड तथा आगजनी गरे, मलाई थाहा भएन। जाहेरी दरखास्तमा उल्लिखित सवारी साधन तोडफोड तथा आगजनी गर्ने गराउने कार्यमा मेरो कुनै किसिमको संलग्नता छैन सफाई पाउँ समेत भनी अदालतमा बयान गरेको देखिन्छ।

6. प्रतिवादी भानु चेलले मिति 2081/02/27 गतेका दिन मोरङ जिल्ला, बुढीगंगा गाउँपालिका स्थितमा रहेको हुलास वायर इन्डष्ट्रिजमा बसी बिबिएम आठौं सेमेस्टरको इन्टर्नसिप गरिरहेको थिएँ। सो पश्चात म आफ्नै घरमा बसी बिबिएमको अध्ययन सकी हाल महेन्द्र मोरङ क्याम्पसमा एमबीएस अध्ययन गरिरहेको छु। म घरमा आएपछि मैले सवारी साधनहरु तोडफोड गरेको भन्ने सुनेको हुँ। तर को कस्ले किन त्यसरी सवारी साधन तोडफोड गरि क्षति पुऱ्याएका हुन, मलाई थाहा भएन। उक्त मिति र समयमा अरु प्रतिवादीहरूसँग मेरो भेट भएको थिएन। प्रतिवेदनमा उल्लिखित सवारी साधन तोडफोड तथा आगजनी गर्ने गराउने कार्यमा मेरो कुनै किसिमको संलग्नता नभएकोले सफाई पाउँ समेत भनी अदालत बयान गरेको पाइन्छ।

7. प्रतिवादी प्रोज्वोल अधिकारीले मिति 2081/02/27 गते म आफ्नै घरमा बसेको थिएँ। सो घटनाका बारेमा मलाई कुनै थाहा जानकारी भएन। घटना भएको कुरा साथीहरुले भनेर थाहा पाएको हो। सो घटनामा को कसको संलग्न रहेको थियो मलाई थाहा भएन। म माथि लगाएको आरोप झुठा हुँदा सफाई पाउँ समेत भनी अदालत बयान गरेको देखिन्छ।

8. प्रतिवादी देव कुमार साहले मिति 2081/02/27 गते म आफ्नै घरमा पढेर बसेको थिएँ। परिक्षाको समयमा मात्र क्याम्पस आउने गरेको थिएँ। अन्य समय घर तिरै बस्ने गरेको थिएँ। सो घटनाका बारेमा मलाई कुनै थाहा जानकारी भएन। घटना भएको कुरा साथीहरुले भनेर थाहा पाएको हो। सो घटनामा को कसको संलग्न रहेको थियो मलाई थाहा भएन। म माथि लगाएको आरोप झुठा हुँदा सफाइ पाउँ समेत भनी अदालत बयान गरेको पाइन्छ।

9. प्रतिवादी सनिम ठकुरीले प्रतिवेदनमा उल्लेखित मितिमा म कामको सिलसिलामा कलेज भित्रै स्ववियुको कार्यकक्षमा थिएँ। घटनाको बारेमा पछि थाहा पाएको हुँ। उक्त घटनामा मेरो कुनै संलग्नता छैन। अन्य को-को संलग्न छन भन्ने सम्बन्धमा मलाई थाहा भएन। म स्ववियु सचिव भएको कारणले सम्म मेरो नाम उल्लेख गरेको हुनुपर्छ। मैले कुनै आपराधिक उपद्रवको कार्य गरेको छैन। अभियोग दावी बमोजिम कसूर नगरेको हुँदा मलाई अभियोग दावी बमोजिम सजाय हुनुपर्ने होइन समेत भनी अदालत बयान गरेको देखिन्छ।

10.प्रतिवादी प्रशान्त यादवले प्रतिवेदनमा उल्लेखित मितिमा म फुपूको घर रानीमा पूजामा गएको थिएँ। घटनाको बारेमा पछि थाहा पाएको हुँ। उक्त घटनामा मेरो कुनै संलग्नता छैन। अन्य को-को संलग्न छन् भन्ने सम्बन्धमा मलाई थाहा भएन। म स्ववियु उप-सभापति भएको हुँदा राजनितिक कारणलेसम्म मेरो नाम उल्लेख गरेको हुनुपर्छ। मैले कुनै आपराधिक उपद्रवको कार्य गरेको छैन। मैले अभियोग दावी बमोजिम कसूर नगरेको हुँदा सफाइ पाउँ समेत भनी अदालत बयान गरेको पाइन्छ।

11.प्रतिवादी हाकु भन्ने प्रज्वल विष्टले मिति 2081/02/27 गते म विराटनगरमा थिइन। सो मितिमा घरायसी काम परेका कारण घटना म सुनसरी वराहक्षेत्र स्थित मेरो आफ्नै घरमा गई घरायसी काममा व्यस्त थिएँ। वारदात भएको भनिएको उक्त मिति र समयमा म वारदात स्थलमा नभएको कारण घटनाको बारेमा मलाई केही पनि थाहा भएन। म महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पसको स्व.वि.यु. सदस्यको रुपमा निर्वाचित भई मैले सक्रिय सदस्यको रुपमा काम गरेका कारण रिस डाह गरी मेरो नाम पोली म समेतलाई प्रतिवादी बनाई जाहेरी दिएका होलान्। मैले कसूर नगरेको हुँदा अभियोग दावी बमोजिम सजाय हुनुपर्ने होइन समेत भनी अदालत बयान गरेको देखिन्छ।

12.जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं.१२ स्थित पुर्वमा महेन्द्र मोरङ क्याम्पसबाट रोडशेष चौकतर्फ निस्कने बाटो, पश्चिममा महेन्द्र मोरङ क्याम्पसको मूल गेट, उत्तर दक्षिणमा पान्चालीबाट तालिम केन्द्रतर्फ जाने पक्की बाटो रहेको चार किल्ला भित्र पक्की सडकमा एउटा चार पाङ्ग्रे गाडी पूर्णरुपमा आगोले जली नष्ट भएको अवस्थामा रहेको र अर्को जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं.१२ पान्चाली रोड स्थित पुर्व र पश्चिममा पान्चाली रोड, उत्तरमा शिव मोवाईल रिपेरिङ सेन्टर र दक्षिणमा कञ्चनजंघा पार्टी प्यालेस यति चार किल्ला भित्र रहेको पञ्चमुखी चौकबाट रोडशेष चौक निस्कने पान्चाली पक्की सडकको उत्तर साइडमा पार्किङ गरि पूर्वतर्फ फर्काइरहेको अवस्थामा राखिएका बाग्मती प्रदेश ०१-००१ ञ २७०१, बा.१.ञ २४१९, B BA ८१८०, बा.१.ञ १८८७ र बाग्मती प्रदेश ०१-००१ ञ २७९० को गाडीहरु क्षति भएको समेत भन्ने दुइवटा घटनास्थल मुचुल्का रहेको पाइन्छ।

13.वारदातको क्रममा नेपाल विद्युत प्राधिकरण, तेह्रथुम वितरण केन्द्रको रु.३१,३५०।-, नेपाल विद्युत प्राधिकरण, गौरादह वितरण केन्द्रको रु.८५,८२३.५०।-, नेपाल विद्युत प्राधिकरण, ईलाम (पुवा खोला) जलविद्युत केन्द्रको रु.२.९७.९४७.१०।-, नेपाल विद्युत प्राधिकरण, अनारमनी वितरण केन्द्रको रु.४४,००१.५०।-, नेपाल विद्युत प्राधिकरण, कोशी प्रदेश प्रादेशिक कार्यालयको

रु.६१,४७४.०१।- र कोशी प्रदेश आयोजनाको रु.२२,५०,०००।- गरी जम्मा रु.२७,७०,५९६.२। बरावरको सवारी साधनहरु क्षति भएको भन्ने देखिन्छ।

14. मौकामा बुझिएका मानिसहरु विष्णु प्रसाद कोइराला, संजय राई, सिकोरलाल सोरेन, देवेन्द्र श्रेष्ठ, राम प्रसाद धिमाल र रामचन्द्र अधिकारी सवारी साधनहरु तोडफोड तथा आगजनी भएका सरकारी गाडीहरुको सवारी चालक रहेको र आयुप थापा सोही ठाउँमा क्यापे सञ्चालन गर्ने व्यक्ति रहेको पाइन्छ। सिकोरलाल सोरेन र रामचन्द्र अधिकारी बाहेकका मौकामा कागज गर्ने अन्य सवारी चालकहरु वारदातको दिन जिल्ला मोरङ विराटनगर म.न.पा वडा नं.१२ पाञ्चाली चोक स्थित कञ्चनजंघा पार्टी प्यालेसको बैठक कक्ष वरीपरी रहेको भन्ने देखिन्छ। निजहरुको मौकाको कागजमा पार्टी प्यालेसको बाहिर पट्टी बाटोको छेउमा पार्किङ गरी पार्टी प्यालेस भित्र गोष्ठीमा बसेको अवस्थामा बाहिर हो-हल्ला भएको सुनि बाहिर निस्केर हेर्दा १५/२० जना युवाहरुको हुल/ अज्ञात समूहले पार्किङ गरी राखेको गाडीलाई लक्षित गरी ढुङ्गा तथा इटाका टुक्राहरूले हानी तोडफोड गरी भाग्दै गरेको देखेको हुँ। उक्त वारदातको समयमा कस्ले गाडीमा क्षती पुऱ्याएको हो भन्ने कुरा मलाई थाहा भएन। हाल सनिम ठकुरी, प्रशान्त यादव, प्रज्जवल भन्ने प्रोज्वल अधिकारी, देव कुमार साह, भानु चोल, यम्बापे भन्ने रोशन पासमान, हाकु भन्ने प्रज्वल जंग विष्ट, जे.पी. यादव, अभिमन्यु यादव र मोहमद सलमान समेत हुन भन्ने जानकारी पाएको समेत भन्ने पाइन्छ।

15. प्रतिवादीहरु हाकु भन्ने प्रज्वल विष्ट, भानु चेल, देवकुमार साह, मोहमद सलमान भन्ने मो.साहिन, प्रोज्वल अधिकारीका साक्षीहरू क्रमश विपिन कार्की, राहुल कुमार साह, मनिष पौद्दार, सुकेन खत्वे र डिन पराजुलीले प्रतिवादीहरुको उक्त कार्यमा संलग्नता नरहेकोले निर्दोष छन, सफाई पाउनुपर्ने समेत भनी बकपत्र गरेको देखिन्छ।

16. प्रतिवेदक प्र.नि. हेमराज ओलीले यस अदालतमा गरेको बकपत्रमा वारदात स्थलमा मिति 2081।02।27 गते केही मानिसहरुले विभिन्न सवारी साधनहरु तोडफोड गरी क्षति पुऱ्याएका र महेन्द्र मोरङ क्याम्पस नजिक को.1.ज.644 नं. को सवारी साधनमा आगजनी गरी क्षति पुऱ्याएका भन्ने तत्काल सूचनाका आधारमा निजहरु विरुद्ध प्रतिवेदन पेश गरी कारवाही प्रक्रिया अगाडि बढाइएको थियो। सो दिन सो वारदात रोडशेस चोक नजिक अन्य सवारी साधनहरुमा क्षति पुऱ्याएकोले म समेतको टोली थप मद्दतको लागि खटिई जाँदा सो सवारी साधनहरुमा क्षती पुगिसकेको थियो। सो समयमा क्याम्पस समेत नजिक भएकोले गर्दा क्याम्पसका विद्यार्थी समेतका एक ढेड सय मानिसहरुको भिडभाड थियो समेत भन्ने पाइन्छ।

17. प्रतिवादीहरु मध्येका जे.पी. यादव भन्ने जय नारायण र अभिमन्यु यादवका नाउँमा यस अदालतबाट जारी भएको म्याद मिति 2081/9/21 मा तामेल भएको देखिन्छ। यस अदालतबाट जारी भएको म्यादमा निज प्रतिवादीहरु यस अदालतमा हाजिर भएको नदेखिएको र निज प्रतिवादीहरु उपर मुलुकी अपराध संहिता, 2074 को दफा 285 को उपदफा(1) विपरित ऐ.उपदफा(3)(ग) बमोजिम चार वर्षसम्म कैद र चालीस हजार रुपैयाँसम्म सजायको अभियोग मागदावी रहेको देखिँदा निज प्रतिवादीहरुको हकमा अदालतमा उपस्थित भए वा अवधि नाघेपछि

जगाई कारवाही गर्ने गरी मुलुकी फौजदारी कार्यविधी संहिता, 2074 को दफा 98 बमोजिम मुल्तबीमा राख्ने ठहर्छ।

18.प्रतिवादीहरु सनिम ठकुरी, प्रशान्त यादव, हाकु भन्ने प्रज्वल विष्ट, रोशन कुमार पासमान, मोहमद सलमान भन्ने मो.साहिन, भानु चेल, देव कुमार साह र प्रज्जवल भन्ने प्रोज्वल अधिकारीका सम्बन्धमा विचार गर्दा सडकमा पार्किङ गरी राखेको सरकारी गाडीहरु तोडफोड तथा आगजनी गरेको भनी प्रतिवादीहरुलाई आपराधिक उपद्रवमा सजाय गरी क्षतिको विगो भराई पाउँ भन्ने अभियोग दावी देखिन्छ। वारदात मिति 2081।2।27 गते अं.10:15 बजेको समय भन्ने पाइन्छ। ढुंगामुढा लगायत अन्य उच्छ्रिङ्खल गतिविधी गर्दै आएका तत्काल अज्ञात समुहको भिड आई सरकारी गाडीहरु तोडफोड तथा आगजनी गरेको घटनास्थल आसपासमा सिसिटिभी फुटेज, विभिन्न संचार माध्यम प्रसारित भिडियोहरु लगायतको अनुसनधान गर्ने क्रममा यी प्रतिवादीहरुको उक्त कसूरमा संलग्नता रहेको भनी प्र.नि. हेमराज ओली समेतले प्रतिवेदन दिएको देखिन्छ। मौकामा कागज गर्ने विष्णु प्रसाद कोइराला, संजय राई, सिकोरलाल सोरेन, देवेन्द्र श्रेष्ठ, रामचन्द्र अधिकारी, आयुप थापा समेतका व्यक्तिहरुले यिनै प्रतिवादीहरुले उक्त कसूर गरेको भन्ने किटानी सँग कागज गर्न सकेको देखिँदैन। प्रतिवेदक प्र.नी. हेमराज ओली समेतको प्रतिवेदन हेर्दा घटनास्थल आसपासमा सिसिटिभी फुटेज, विभिन्न संचार माध्यम प्रसारित भिडियोहरु लगायतको अनुसनधान गर्ने क्रममा यी प्रतिवादीहरु उपर कारवाहीका लागि प्रतिवेदन दिएको भन्ने पाइन्छ। निज प्रतिवेदकको बकपत्र हेर्दा उक्त समयमा क्याम्पसका विद्यार्थी समेतका एक डेढ सय मानिसहरुको भीड थियो। मसमेतको टोली थप मद्दतको लागि खटिई जाँदा सो सवारी साधनहरुमा क्षती पुगिसकेको थियो भन्ने देखिन्छ। वारदात स्थल वरपर प्राप्त सिसिटिभी फुटेजको भिडियोको इमेज उतार गरी यी प्रतिवादीहरु उक्त कसूरमा संलग्न रहेको भनी अनुसन्धानको क्रममा वारदात देख्ने व्यक्तिहरुबाट सनाखत गराई मिसिल संलग्न राखेको भन्ने देखिदैन्। प्रतिवादीहरुको घर कोठाबाट वारदातसँग सम्बन्धित प्रमाण बरामद भएको पाइदैन। यस अदालतको आदेशानुसार अभियोग साथ पेश भएको सिसिटिभीको फुटेज रहेको सिडी/डि भिडी फाँटका कर्मचारी, सूचना प्रविधि सहायक तथा वादी प्रतिवादीका कानून व्यवसायीको रोहवरमा हेरी इमेज प्रिन्ट गर्न लाग्दा उक्त सिडी/डि भिडी स्क्र्याच भएको कारण नखुलेकोले फुटेजको इमेज फोटो प्रिन्ट गर्न नसकिएको समेत भन्ने व्यहोराको कागज मिसिल सामेल रहेको पाइन्छ। प्रतिवादीहरुले कसूरमा इन्कार रही बयान गरेको पाइन्छ। निजहरुको साक्षीहरूले समेत यी प्रतिवादीहरुले अभियोग दावी बमोजिमको कसूर गरेको होइन भनी बकपत्र गरेको देखिन्छ। प्रतिवेदकको बकपत्रबाट निज घटना स्थलमा पुग्दा सवारी साधनमा आगो लागि रहेको, सो समयमा क्याम्पसका विद्यार्थी समेतका एक ढेड सय मानिसहरुको भिडभाड थियो भन्ने पाइन्छ।

19.यी प्रतिवादीहरुले नै घटनास्थल मुचुल्कामा उल्लिखित गाडीहरु तोडफोड तथा आगजनी गरेको भनी मौकामा कागज गर्ने विष्णु प्रसाद कोइराला, संजय राई, सिकोरलाल सोरेन, देवेन्द्र श्रेष्ठ, रामचन्द्र अधिकारी, आयुप थापा समेतका व्यक्तिहरुले किटानीसँग भन्न नसकेको, अनुसन्धानको क्रममा वारदात स्थल वरपरका ठाउँमा रहेको प्राप्त सिसिटिभी फुटेजको इमेज फोटो प्रिन्ट गरी

वारदात देख्ने व्यक्तिहरुबाट सनाखत गराएको प्रमाण मिसिल सामेल नदेखिएको, उक्त सिडी/डि भिडी स्क्र्याच भएको कारण सिसिटिभी फुटेजमा रहेको इमेज प्रिन्ट गर्न नसकेको भन्ने यस अदालतका सूचना प्रविधि सहायक समेतको कागज मिसिल सामेल रहेको, प्रतिवादीहरुले कसुरमा इन्कार रही अदालतमा बयान गरेको र निजहरुको साक्षी समेतले प्रतिवादीहरुको अपराधमा संलग्नता रहेको छैन समेत भनी बकपत्र गरेको र प्रतिवादीहरुको घरकोठाबाट कसूरसँग सम्बन्धित वस्तु वरामद भएको नदेखिएकोले प्रतिवादीहरुले सडकमा पार्किङ गरी राखिएको सरकारी बा.१.ञ १८८७, B.AB ८१८०, बा.1.ञ २४१९, बागमती प्रदेश-०१-००१ ञ २७०१ र बागमती प्रदेश ०१-००१ ञ २७९० नं.का गाडीहरु तोडफोड तथा को.१.झ ६४४ नम्बरको गाडी आगजनी गरी पुर्ण रुपमा क्षति पुऱ्याई आपराधिक उपद्रवको कसूर गरेको भन्ने प्रहरी प्रतिवेदन र सोही आधारमा दायर भएको अभियोग दावी मिसिल संलग्न अनुसन्धानको क्रममा संकलित सबुद प्रमाणहरूको मुल्यांकनबाट समर्थित हुन नआएकोले यी प्रतिवादीहरुले अभियोग दावीमा उल्लिखित सरकारी गाडीहरू आगजानी सहित तोडफोड गरी आपराधिक उपद्रवको कसुर गरेको भन्ने देखिन आएन। यी प्रतिवादीहरुले अभियोग दावी बमोजिमको कसूर गरेको देखिन नआएकोले निजहरु उपरको अभियोग दावी पुग्न सक्ने देखिएन।

20. अतः माथी उल्लिखित आधार कारणहरूबाट प्रतिवादीहरुले सडकमा पार्किङ्ग गरी राखेका सरकारी सवारी साधनहरु आगजनी तथा तोडफोड गरी आपराधिक उपद्रवको कसुर गरेको भन्ने अभियोग दावी पुष्टि हुन नआएकोले प्रतिवादीहरु सनिम ठकुरी, प्रशस्त यादव, हाकु भन्ने प्रज्वल विष्ट, रोशन कुमार पासमान, मोहमद सलमान भन्ने मो.सहिन, भानु चेल देव कुमार साह र प्रज्वल भन्ने प्रोज्वल अधिकारीले अभियोग दावीबाट सफाई पाउने ठहर्छ। सो ठहर्नाले अरुमा तपसिल बमोजिम गर्ने गरी मुलुकी फौजदारी कार्यविधि संहिता, 2074 को दफा 131 बमोजिम यो फैसला गरि दिएको छ।

<u>तपसिल खण्डः-</u>

- **माथि ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादीहरु प्रतिवादीहरु सनिम ठकुरी, प्रशान्त यादव, हाकु भन्ने प्रज्वल विष्ट, रोशन कुमार पासमान, मोहमद सलमान भन्ने मो.साहिन, भानु चेल, देव कुमार साह र प्रज्जवल भन्ने प्रोज्वल अधिकारीलाई अभियोग दावीबाट सफाइ पाउने ठहरी फैसला भएकोले निज प्रतिवादीले यस अदालतको आदेशानुसार जनही रु.10,०००।-(दश हजार रुपैँया) धरौटी राखी पुर्पक्षको निमित्त तारेखमा वसेको देखिँदा उक्त धरौटी रकम फिर्ता पाउँ भनी ऐनका म्याद भित्र निवेदन दिए प्रस्तुत मुद्दाको फैसला अन्तिम भएपछि निज प्रतिवादीहरुले राखेको धरौटी रकम नियमानुसार फिर्ता दिनू----------1**
- **प्रतिवादीहरु जे.पी. यादव भन्ने जयनारायण र अभिमन्यु यादवको हकमा मुलुकी फौजदारी कार्यविधी संहिता, 2074 को दफा 98 बमोजिम मुल्तवीमा रहने ठहरी फैसला भएकोले मुल्तवी दायरीमा दर्ता गरी नियमानुसार गर्नू----------2**

- **प्रस्तुत इन्साफमा चित्त नबुझे 70 दिन भित्र श्री उच्च अदालत विराटनगरमा पुनरावेदन गर्न जानु भनि जिल्ला सरकारी वकिल कार्यालय मोरङलाई फैसलाको जानकारी सहित पुनरावेदनको म्याद दिनु----------3**
- **सरोकारवालाले माग गरे नियमानुसार गरी नक्कल दिनू----------4**
- **प्रस्तुत फैसला सूचना पाटीमा प्रकाशित गर्नू----------5**
- **प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी फैसलाको बिद्युतीय प्रति अपलोड गर्नू र मिसिल अभिलेख शाखामा बुझाईदिनू----------6**

मेघनाथ चापागाँई

जिल्ला न्यायाधीश

<u>फैसला टिपोटमा सहयोग गर्ने</u>

ना.सु. विशेष अधिकारी

ना.सु. चन्द्र माया मिजार(मुद्दा फाँटः-10)

फैसला मितिः-2082।03।22।1

फैसला प्रमाणिकरण मितिः- 2082।04।21।4

ईति संवत् 2082 साल असार महिना 22 गते रोज 1 शुभम्.....।